# दुधौली नगरपालिकाको आर्थिक वर्ष ०७४/०७५ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न वनेको विधेयक

नगरसभाबाट स्वीकृत मितिः२०७४।०३।३१

**प्रस्तावना :**

दुधौली नगरपालिकाको आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको लागि स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा अन्य आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २८८ को उपधारा (२) वमोजिम दुधौली नगरपालिकाको नगर सभाले यो ऐन वनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७४" रहेको छ ।

२. **सम्पति कर** : नगरपालिकाका क्षेत्रभित्र अनुसूचि (१) वमोजिम एकिकृत सम्पति कर/घरजग्गा कर लगाइने र असुर उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत)** : नगरपालिका क्षेत्रभित्र एकीकृत सम्पति करको दायराले नसमेटेको हकमा अनुसूचि (२) वमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर जग्गा वहाल कर** : नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा  वहाल कर लागइने र असूल गरिनेछ ।

५. **व्यवसाय कर** : नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

६. **सवारी साधन कर** : नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (५) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७. **विज्ञापन कर** : नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **मनोरन्जन कर :** नगरपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय र सेवामा अनुसूचि (७) बमाजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **बहाल विटौरी शुल्क :** नगरपालिका क्षेत्रभित्र आफुले निमार्ण, रेखदेख वा संचालन गरेका अनुसूचि (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१०. **पार्किङ शुल्क :** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (९) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **सेवा शुल्क र दस्तुर :** नगरपालिकाले निमार्ण, संचालन वा व्यवस्थापन गरेका अनुसूची (१०) मा उल्लेखित स्थानीय पुर्वाधार र उपलव्ध गराइएको सोवामा सेवाग्राहीवाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१२. **अन्य आयः-** ऐनको दफा २ देखि ११ सम्म उल्लेख भए देखि बाहेक प्राप्त हुन सक्ने कुनै पनि आम्दानीको दररेट र सो असुल गर्ने तरिका राजश्व परामर्श समितिको सिफारिसमा नगरकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

१३. **कर छुट :** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।

१४. **कर तथा शुल्क संकलन सम्वन्धि कार्यविधि :** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्वन्धि कार्यविधि नगरपालिकाले ताके अनुसार हुने छ ।

अनुसूची-१

(दफा २ सँग सम्बन्धित)

# एकीकृत सम्पति करको दर

| सि. नं. | मुल्यांकन रकम | | | | सम्पति करको दर |
|---|---|---|---|---|---|
| १ | १ रुपैया | देखि | ४ लाख ५० हजार रुपैया | सम्म | १००.०० |
| २ | ४ लाख ५० हजार १ रुपैया | देखि | ५ लाख ५० हजार रुपैया | सम्म | १२५.०० |
| ३ | ५ लाख ५० हजार १ रुपैया | देखि | ६ लाख ५० हजार रुपैया | सम्म | १५०.०० |
| ४ | ६ लाख ५० हजार १ रुपैया | देखि | ७ लाख ५० हजार रुपैया | सम्म | १७५.०० |
| ५ | ७ लाख ५० हजार १ रुपैया | देखि | १० लाख रुपैया | सम्म | २००.०० |
| ६ | १० लाख १ रुपैया | देखि | ११ लख ५० हजार रुपैया | सम्म | २२५.०० |
| ७ | ११ लाख ५० हजार १ रुपैया | देखि | २ लाख ५० हजार रुपैया | सम्म | २५०.०० |
| ८ | १२ लाख ५० हजार १ रुपैया | देखि | १५ लाख रुपैया | सम्म | ३००.०० |
| ९ | १५ लाख १ रुपैया | देखि | १७ लाख ५० हजार रुपैया | सम्म | ३५०.०० |
| १० | १७ लाख ५० हजार १ रुपैया | देखि | १८ लाख ५० हजार रुपैया | सम्म | ३७५.०० |
| ११ | १८ लाख ५० हजार १ रुपैया | देखि | २० लाख रुपैया | सम्म | ४००.०० |
| १२ | २० लाख १ रुपैया | देखि | २१ लाख ५० हजार रुपैया | सम्म | ५००.०० |
| १३ | २१ लाख ५० हजार १ रुपैया | देखि | २३ लाख रुपैया | सम्म | ६००.०० |
| १४ | २३ लाख १ रुपैया | देखि | २४ लाख ५० हजार रुपैया | सम्म | ७००.०० |
| १५ | २४ लाख ५० हजार १ रुपैया | देखि | २६ लाख रुपैया | सम्म | ८००.०० |
| १६ | २६ लाख १ रुपैया | देखि | २७ लाख ५० हजार रुपैया | सम्म | ९००.०० |
| १७ | २७ लाख ५० हजार १ रुपैया | देखि | ३० लाख रुपैया | सम्म | १०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| १८ | ३० लाख १ रुपैया | देखि | ३२ लाख ५० हजार रुपैया | सम्म | १२००.०० |
| १९ | ३२ लाख ५० हजार १ रुपैया | देखि | ३५ लाख रुपैया | सम्म | १३७५.०० |
| २० | ३५ लाख १ रुपैया | देखि | ३७ लाख ५० हजार रुपैया | सम्म | १५७५.०० |
| २१ | ३७ लाख ५० हजार १ रुपैया | देखि | ४० लाख रुपैया | सम्म | १८००.०० |
| २२ | ४० लाख १ रुपैया | देखि | ४२ लाख ५० हजार रुपैया | सम्म | २०५०.०० |
| २३ | ४२ लाख ५० हजार १ रुपैया | देखि | ४५ लाख रुपैया | सम्म | २३२५.०० |
| २४ | ४५ लाख १ रुपैया | देखि | ४७ लाख ५० हजार रुपैया | सम्म | २६२५.०० |
| २५ | ४७ लाख ५० हजार १ रुपैया | देखि | ५० लाख रुपैया | सम्म | ३०००.०० |
| २६ | ५० लाख १ रुपैया | देखि | ५५ लाख रुपैया | सम्म | ३५००.०० |
| २७ | ५५ लाख १ रुपैया | देखि | ६० लाख रुपैया | सम्म | ३८००.०० |
| २८ | ६० लाख १ रुपैया | देखि | ६५ लाख रुपैया | सम्म | ४२००.०० |
| २९ | ६५ लाख १ रुपैया | देखि | ७० लाख रुपैया | सम्म | ४६००.०० |
| ३० | ७० लाख १ रुपैया | देखि | ७५ लाख रुपैया | सम्म | ५१००.०० |
| ३१ | ७५ लाख १ रुपैया | देखि | ८० लाख रुपैया | सम्म | ५७००.०० |
| ३२ | ८० लाख १ रुपैया | देखि | ८५ लाख रुपैया | सम्म | ६५००.०० |
| ३३ | ८५ लाख १ रुपैया | देखि | ९० लाख रुपैया | सम्म | ७५००.०० |
| ३४ | ९० लाख १ रुपैया | देखि | ९५ लाख रुपैया | सम्म | ८७००.०० |
| ३५ | ९५ लाख १ रुपैया | देखि | १ करोड रुपैया | सम्म | १००००.०० |
| ३६ | १ करोड १ रुपैया | देखि | १ करोड १० लाख रुपैया | सम्म | १२०००.०० |
| ३७ | १ करोड १० लाख १ रुपैया | देखि | १ करोड २० लाख रुपैया | सम्म | १२५००.०० |
| ३८ | १ करोड २० लाख १ रुपैया | देखि | १ करोड ३० लाख रुपैया | सम्म | १३०००.०० |
| ३९ | १ करोड ३० लाख १ रुपैया | देखि | १ करोड ४० लाख रुपैया | सम्म | १३५००.०० |
| ४० | १ करोड ४० लाख १ रुपैया | देखि | १ करोड ५० लाख रुपैया | सम्म | १४०००.०० |
| ४१ | १ करोड ५० लाख १ रुपैया | देखि | १ करोड ७५ लाख रुपैया | सम्म | १७०००.०० |
| ४२ | १ करोड ७५ लाख १ | देखि | २ करोड रुपैया | सम्म | २००००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | रुपैया | | | | |
| ४३ | २ करोड १ रुपैया | देखि | २ करोड ५० लाख रुपैया | सम्म | २५000.00 |
| ४४ | २ करोड ५० लाख १ रुपैया | देखि | ३ करोड रुपैया | सम्म | २७५00.00 |
| ४५ | ३ करोड १ रुपैया | देखि | ३ करोड ५० लाख रुपैया | सम्म | ३२५00.00 |
| ४६ | ३ करोड ५० लाख १ रुपैया | देखि | ४ करोड रुपैया | सम्म | ४0000.00 |
| ४७ | ४ करोड १ रुपैया | देखि | ४ करोड ५० लाख रुपैया | सम्म | ५0000.00 |
| ४८ | ४ करोड ५० लाख १ रुपैया | देखि | ५ करोडरुपैया | सम्म | ६0000.00 |
| ४९ | ५ करोड १ रुपैया | देखि | माथिको मूल्याङकनमा | | प्रति हजार रु २ का दरले थप |

*नोटः ऐलानी जग्गाको अभिलेखीकरण कार्य सम्पन्न भए पश्चात उक्त जग्गाको हकमा उल्लेखित दररेटको ५० प्रतिशत मात्र असुल गरिनेछ ।*

अनुसूची-२
(दफा ३ सँग सम्बन्धित)

## मालपोत करको दर

| सि.नं | विवरण | दर |
|---|---|---|
| १ | मालपोत कर | प्रति कट्ठा रु १० |

अनुसूची-३

(दफा ४ सँग सम्बन्धित)

**बहाल करको दर**

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १. | भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर आदी बहाल रकमको | १२% |
| २. | पोखरी र जग्गा वहाल रकमको | १०% |
| ३. | मेशिनरी औजार एवं सवारी साधन वहाल रकमको | १०% |

अनुसूची-४

ऐनको दफा (५) सँग सम्बन्धित

**श्रेणी अनुसार वार्षिक व्यवसाय करको दररेट**

| सि.न. | व्यवसायको किसिम | करका लागि निर्धारित श्रेणी र करको दर | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | क | ख | ग | घ | |
| १. | कपडा पसल | ९०० | ८०० | ५५० | ५०० | |
| २. | इलेक्ट्रोनिक | ७०० | ६५० | ६०० | | |
| ३ | स्टील फर्निचर | १२०० | | | | |
| ४ | फलाम पसल तथा ज्यावल | १७०० | १६०० | १५०० | | |
| ५ | सिलाई | १२०० | ८०० | ६५० | ५०० | |
| ६ | गोवरग्याँस | २५०० | | | | |
| ७ | जुत्ता, चप्पल पसल | ७०० | ६५० | ६०० | ५५० | |
| ८ | औषधी पसल | ६५० | ५०० | | | |
| ९ | किराना/खाद्यन्न तथा अन्य | ६५० | ६०० | ५५० | ५०० | |
| १० | मनिहारा तथा श्रृंगार | ६५० | ६०० | ५५० | ५०० | |
| ११ | रेडिमेड/फेन्सि | ७०० | ६५० | ६०० | ५५० | |
| १२ | होटल एण्ड लज | ६०० | | | | |
| १३ | चिया नास्ता/होटल | ६०० | ४०० | २०० | १५० | |
| १४ | फोटो स्टुडियो | ६०० | ५०० | | | |
| १५ | साइकल विक्री तथा मर्मत | ५०० | १५० | | | |
| १६ | बोडिङ्ग स्कुल | १००० | ९०० | ८०० | ६०० | |
| १७ | कानून व्यवसाय | ६०० | | | | |
| १८ | लेखापढि व्यवसाय | ४०० | | | | |
| १९ | भाडाकुडा पसल | ६०० | ५०० | | | |
| २० | मिल, सलेर,होलर,घट्ट | ५०० | ३५० | ३०० | २५० | |
| २१ | हार्डवयर तथा निर्माण सामग्री | १७०० | १६०० | १५०० | | |
| २२ | कम्प्युटर विक्री, मर्मत तथा इन्सटिच्युट | १३५० | १३०० | १२५० | १२०० | |
| २३ | सुन, चाँदी पसल | २००० | १००० | | | |
| २४ | सैलुन | ६०० | ५०० | | | |
| २५ | छापाखाना | १३०० | १२०० | | | |
| २६ | पुस्तक/स्टेशनरी पसल | ५०० | ३५० | ३०० | २५० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २७ | पान पसल | ५०० | | | | |
| २८ | रेडियो,घडी,मोवाइल विक्रेता तथा मर्मत आदी | ७०० | ६५० | ६०० | | |
| २९ | जडीवुट्टी | ४०० | | | | |
| ३० | कृषि तथा पशु औषधी पसल | ११०० | ६५० | ५५० | ५०० | |
| ३१ | आर्ट तथा फ्लेक्स प्रिन्ट | ५०० | | | | |
| ३२ | तरकारी तथा फलफुल | २५० | २०० | १५० | | |
| ३३ | पाउरोटी उद्योग/भाडा बनाउने/टायल व्लक तथा बरफ | ५०० | | | | |
| ३४ | ग्लास हाउस | ५५० | | | | |
| ३५ | मसला उद्योग | ६०० | | | | |
| ३६ | पेट्रोलियम पदार्थ | ३००० | ७०० | | | |
| ३७ | मासुजन्य पदार्थ | ६०० | ५५० | ५०० | | |
| ३८ | कलरल्याव | ७०० | | | | |
| ३९ | डेरी उद्योग | २००० | | | | |
| ४० | पशुपालन तथा पंक्षी पालन | १५०० | ५०० | ३०० | | |
| ४१ | चस्मा पसल | ६०० | | | | |
| ४२ | कुखुरा पालन | १००० | ५०० | २०० | | |
| ४३ | केवुल सञ्चालन | ५५० | | | | |
| ४४ | वर्कशप | १५०० | ८०० | ५०० | | |
| ४५ | व्यूटी पार्लर | ६५० | ६०० | ५५० | ५०० | |
| ४६ | अस्पताल/पोलिक्निक/क्लिनिक | २००० | | | | |
| ४७ | ल्याव | १५०० | | | | |
| ४८ | निर्माण व्यवसाय | ३००० | | | | |
| ४९ | मदिरा पसल | ९००० | ४००० | १००० | | |
| ५० | बैंक तथा वित्तय संस्था | ८००० | ७००० | ६००० | ५००० | |
| ५१ | कष्ठकला फर्निचर उद्योग | १५०० | | | | |
| ५२ | जिप साना गाडी तथा मोटर साइकल मर्मत | १५०० | | | | |
| ५३ | टायर मर्मत तथा हावा हाल्ने | ६०० | | | | |
| ५४ | ट्याक्ट्रर विक्रेता | ७००० | | | | |
| ५५ | मोटर साइकल विक्रेता | ५००० | | | | |
| ५६ | ग्यास विक्रेता/डिलर | १००० | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५७ | लेखापरीक्षक | ५०० | | | | |
| ५८ | मैनवत्ति तथा अगरवत्तिल उद्योग | ६०० | | | | |
| ५९ | वन पैदावार | १६०० | | | | |
| ६० | स्काभेटर/जे.सि.वी. | १००० | | | | |
| ६१ | सहकारी संस्था | १००० | ८०० | ६०० | ४०० | |
| ६२ | माथि उल्लेख भए देखि बाहेक | २००० | | | | |

*नोटः- प्रत्येक वर्षको आषाढ मसान्तमा कर नतिरी अर्को आर्थिक वर्ष तिरेमा अघिल्ला प्रत्येक आर्थिक वर्षहरुको २० प्रतिशतका दरले जरिवना लिई व्यवसाय कर लिईने छ।*

अनुसूची-५

ऐनको दफा (६) सँग सम्बन्धित

**सवारी साधन कर**

| **सि.नं.** | **सवारी साधनको नाम** | **(क) वार्षिक सवारी कर** |
|---|---|---|
| १ | भाडाको वस, ट्रली, लरी हेभी गाडीमा | १०००।- |
| २ | भाडाका कार जिप लगायत | २००।- |
| ३ | भाडाको टेम्पो | १००।- |
| ४ | निजि मिनिवस, कार | २००।- |
| ५ | नीजी टेम्पो | १००।- |
| ६ | मोटरसाइकल, स्कुटर | ५०।- |
| ७ | ठेला/रिक्सा | २५।- |
| ८ | ट्रयाक्टर | २००।- |
| ९ | पावर टेलर | १००।- |
| १० | भाडाको मिनि वस | ५००।- |

अनुसूची-६

ऐनको दफा (७) सँग सम्बन्धित

**विज्ञापन कर**

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | व्यवसायिक प्रयोजनको लागी सार्वजनिक स्थल, सडक छेउमा राखिएको होडिङ्ग वोर्ड भित्ते लेखन प्रतिवर्ग फुट | ५।- |
| २ | तुल, व्यानर आदिमा एक पटकको लागी प्रतिफुट | ५।- |

## अनुसूची-७

ऐनको दफा (८) सँग सम्बन्धित

### मनोरन्जन कर

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | न.पा. भित्र संचालित सिनेमा हलको प्रवेश शुल्कको | ५% |
| २. | व्यवसायिक प्रयोजनको लागी गरिने विभिन्न मनोरन्जनात्मक कार्यक्रममा विक्री भएको टिकट रकमको | ५% |

अनुसूची-८

ऐनको दफा (९) सँग सम्बन्धित

# axfn lj6f}/L s/

| सि.नं. | मालसामानको विवरण | दर रु. |
|---|---|---|
| १ | घोडा १ को | ७५.०० |
| २ | गोरु १ को | ७५.०० |
| ३ | राँगा,भैसी गोटा १ को | ५०.०० |
| ४ | खसी, वोका गोटा १ को | २५.०० |
| ५ | कुखुरा १ किलो भन्दा माथिको | २०.०० |
| ६ | कुखुरा १ किलो भन्दा मुनीको | १०.०० |
| ७ | रागाँ काटी वेच्ने सँग प्रती गोटा १ को | १५०.०० |
| ८ | खसी काटी वेच्ने सँग प्रति गोटा | ५०.०० |
| ९ | सुँगुर, वुँगुर | ४०.०० |
| १० | हास, कुखुराको मासु विक्री पसल | ४०.०० |
| ११ | राँगा भैसीको छाला १ को | २५.०० |
| १२ | आलो माछा प्रति पसल | ५०.०० |
| १३ | सुकेको माछा सिल १ को | १०.०० |
| १४ | पहाड वाट ल्याउने आलु,प्याज र अदुवा भारी १ को | २०.०० |
| १५ | अम्वा,आरु लिचि र आरुवखडा भारी १ को | १०.०० |
| १६ | आलु, फुलकोभी,वन्दाकोभी, भान्टा, प्याज, टमाटर, मुला, लगाएतको अन्य तरकारी पसल | १०.०० |
| १७ | आलु, कोभी, भान्टा, टमाटर लगाएतको वाहिरवाट आउने तरकारी प्रती टोकरी १ को | १५.०० |
| १८ | काक्रो, मेवा, पिडालु, सखरखण्ड दोकान १ को | १०.०० |
| १९ | खुर्सानी, अदुवा, लसुन, वेसार, गुन्द्रुक दोकान १ को | १०.०० |
| २० | काउली कटहर रुखकटहर भारी १ को | १०.०० |
| २१ | वोडी, मास, मस्याङ्ग, भटमास, वदाम र केराउ प्रती पसल | १०.०० |
| २२ | आँप, नास्पाती, जुनार, सुन्तला, र आटी भारी १ को | १०.०० |
| २३ | स्कुस ,फर्सि, लौका, साग र तोरिङ्ग भारी १ को | १०.०० |
| २४ | उखु, निवुवा, भोगटे र कागती भारी १ को | १०.०० |
| २५ | मकै, गँहु, कोदो, चिउरा, चामल, फापर र तोरी प्रती पसल | २०.०० |
| २६ | घीउ प्रति किलो | १०.०० |
| २७ | हजाम पसल १ को | ५०.०० |
| २८ | छाता, जुत्ता, लाइटर मर्मत दोकान १ को | २०.०० |

| | | |
|---|---|---|
| २९ | फलाम र फलामवाट वनेका कृषी र घरेलु सामान पसल, आरण, साध लगाउने दोकान १को | २०.०० |
| ३० | औषधी वा जडीवुटी दोकान १ को | २०.०० |
| ३१ | वाँसको डालो, नाङ्गलो, चाल्नो, मान्द्रो, डोको तथा वाँसवाट वनेको सामान १ को | १०.०० |
| ३२ | पाटको दाम्लो, नाम्लो, वरियो, लगायत पाटवाट वनेको सामान १ को | १०.०० |
| ३३ | चिराइतो र सिन्कौली तथा कुरिलो भारी १ को | ३०.०० |
| ३४ | वजारमा रोटी पकाइ वेच्ने दोकान १ को | १५.०० |
| ३५ | वजारमा मिठाइ पकाई विक्री गर्ने दोकान १ को | २०.०० |
| ३६ | राडीपाखी, गलैचा दोकान १ को | ७५.०० |
| ३७ | वजारमा मनोरञ्जन देखाउने दोकान १ को | १७५.०० |
| ३८ | लत्ता कपडा पसल १ को | ५०.०० |
| ३९ | सुर्ति विडी दोकान १ को | २५.०० |
| ४० | मिठा सकर दोकान १ को | २०.०० |
| ४१ | किराना पसल १ को | २०.०० |
| ४२ | भाँडाकुडाँ पसल १ को | ४०.०० |
| ४३ | औंठी लगायत धातुका गहना पसल १ को | २०.०० |
| ४४ | चुरा तथा मनिहरा पसल १ को | २५.०० |
| ४५ | जुत्ता चप्पल पसल १ को | २०.०० |
| ४६ | वरफ र चटपटे पसल १ को | २५.०० |
| ४७ | माथि उल्लेखित नभएको अन्य किसिमका पसल १ को | २०.०० |

अनुसूची-९

ऐनको दफा (१०) सँग सम्बन्धित

**पार्किङ शुल्क**

| सि.नं. | सवारी साधनको नाम | पार्किङ शुल्क |
|---|---|---|
| १ | वस, ट्रली, लरी हेभी गाडीमा | २०।- |
| २ | भाडाका कार जिप | १०।- |
| ३ | भाडाको टेम्पो | १०।- |
| ४ | निजि मिनिवस, कार, टेम्पो | १०।- |
| ५ | नीजि टेम्पो | ५।- |
| ६ | मोटरासाइकल एवं स्कुटर | ५।- |

नोटः- यो दररेट प्रति दिनको लागि तोकिएको हो ।

अनुसूची-१०

ऐनको दफा (११) सँग सम्बन्धित

## सेवा शुल्क/ दस्तुर

**१. सेवा शुल्क :-**

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | उजुरी दायर | ५०।- |
| २ | घर खाली गर्ने | ४००।- |
| ३. | साँध सिमाना छुट्याउने पहिलो कित्ताको लागि | |
| | वाटो छोएको | २०००।- त्यसपछि प्रतिकित्ता थप ५००।- |
| | वाटो नछोएको | २०००।- त्यसपछि प्रतिकित्ता थप ५००।- |

**२. अचल सम्पति/बार्षिक आयश्रोत प्रमाणित**

| क्र.सं. | विवरण | दर रु. | कैफियत |
|---|---|---|---|
| १. | आय श्रोतको मुल्यको | ०.१ प्रतिशत | |

**३. व्यक्तिगत घटनादर्ता**

| क्र.सं. | विवरण | दर रु. | कैफियत |
|---|---|---|---|
| १. | ३५ दिन भित्रको घटनादर्तामा | निःशुल्क | |
| २. | ३५ दिन नाघेको घटनादर्तामा | ५० | |

**४. नक्सा पास दस्तुर :-**

**(क) आवासिय भवनको लागि**

| सि. नं. | भवनको प्रकार | वेसमेन्ट तला ( प्रति वर्ग फिट रु.) | भूई तल्ला (प्रति वर्ग फिट रु.) | पहिलो तल्ला (प्रति वर्गा फिट रु. ) | दोश्रो तला ( प्रति वर्ग फिट) रु. | तेस्रो तला र सो भन्दा माथि ( प्रति वर्ग फिट रु) |
|---|---|---|---|---|---|---|
| १ | आर.सि.सि. पिल्लर भएको | ३।- | ४।- | ५।- | ६।- | ७।- |
| २ | ढुङ्गा वा इट्टा व्लकमा सिमेन्ट वालुवाको गारो- आर सि सि को छाना भएको | - | ३।- | ४।- | ५।- | - |
| ३ | सिमेन्टको जोडाइमा ढुङ्गा वा इट्टा वा व्लकको गारो जस्ता वा टाएलको छाना भएको । | - | २।- | ३।- | - | - |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | पटाहाको घेरावेरा लगाएतका कच्ची भवन । | - | १।- | १।- | - | - |

**(ख) व्यापारिक भवनको लागि**

| सि. नं. | भवनको प्रकार | वेसमेन्ट तला ( प्रति वर्ग फिट रु.) | भूई तल्ला (प्रति वर्ग फिट रु.) | पहिलो तल्ला (प्रति वर्गा फिट रु. ) | दोश्रो तला ( प्रति वर्ग फिट) रु. | तेस्रो तला र सो भन्दा माथि ( प्रति वर्ग फिट रु) |
|---|---|---|---|---|---|---|
| १ | आर.सि.सि. पिल्लर भएको | ५।- | ६।- | ७।- | ८।- | ९।- |
| २ | ढुङ्गा वा इट्टा व्लकमा सिमेन्ट वालुवाको गारो-आर सि सि को छाना भएको | - | ५।- | ६।- | ७।- | - |
| ३ | सिमेन्टको जोडाइमा ढुङ्गा वा इट्टा वा व्लकको गारो जस्ता वा टाएलको छाना भएको । | - | ३।- | ४।- | - | - |

**(ग) कम्पाउण्ड वालको लागि**

| सि.नं. | कम्पाउण्डवालको प्रकार | प्रति रनिङ फिट रु |
|---|---|---|
| १ | सिमेन्ट जोडाइको कम्पाउण्ड वाल | २।- |
| २ | मोटो जोडाईको कम्पाउण्ड वाल | १।- |
| ३ | तारवारको कम्पाउण्डवाल | ०।५० |

**५. नक्सा नियमित/ अभिलेखीकरण दस्तुर :-**

**(क) आवासिय भवनको लागि**

| सि. नं | भवनको प्रकार | वेसमेन्ट तला ( प्रति वर्ग फिट रु.) | भूई तल्ला (प्रति वर्ग फिट रु.) | पहिलो तल्ला ( प्रति वर्गा फिट रु. ) | दोश्रो तला (प्रति वर्ग फिट) रु. | तेस्रो तला र सो भन्दा माथि ( प्रति वर्ग फिट रु) |
|---|---|---|---|---|---|---|
| १ | आर.सि.सि. पिल्लर भएको | २।- | ३।- | ४।- | ५।- | ६।- |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | ढुङ्गा वा इट्टा व्लकमा सिमेन्ट वालुवाको गारो-आर सि सि को छाना भएको | - | २।- | ३।- | ४।- | - |
| ३ | सिमेन्टको जोडाइमा ढुङ्गा वा इट्टा वा व्लकको गारे जस्ता वा टाएलको छाना भएको । | - | १।- | २।- | - | - |
| ४ | पटाहाको घेरावेरा लगाएतका कच्ची भवन । | - | १।- | १।- | - | - |

**(ख) व्यापारिक भवनको लागि**

| सि. नं. | भवनको प्रकार | वेसमेन्ट तला ( प्रति वर्ग फिट रु.) | भूई तल्ला (प्रति वर्ग फिट रु.) | पहिलो तल्ला ( प्रति वर्गा फिट रु.) | दोश्रो तला (प्रति वर्ग फिट) रु. | तेस्रो तला र सो भन्दा माथि (प्रति वर्ग फिट रु) |
|---|---|---|---|---|---|---|
| १ | आर.सि.सि. पिल्लर भएको | ४।- | ५।- | ६।- | ७।- | ८।- |
| २ | ढुङ्गा वा इट्टा व्लकमा सिमेन्ट वालुवाको गारो-आर सि सि को छाना भएको | - | ४।- | ५।- | ६।- | - |
| ३ | सिमेन्टको जोडाइमा ढुङ्गा वा इट्टा वा व्लकको गारे जस्ता वा टाएलको छाना भएको । | - | २।- | ३।- | - | - |

**(ग) कम्पाउण्ड वालको लागि**

| सि.नं. | कम्पाउण्डवालको प्रकार | प्रति रनिङ फिट रु |
|---|---|---|
| १ | सिमेन्ट जोडाइको कम्पाउण्ड वाल | १।- |
| २ | मोटो जोडाईको कम्पाउण्ड वाल | ०।७५ |
| ३ | तारवारको कम्पाउण्डवाल | ०।५० |

**६. नगरपालिकाको अनुमति नलिई वा आंशिक अनुमति लिएकाको निर्माण सम्पन्न गर्दा लिईने दण्ड जरिवाना दस्तुर :-**

**(क) नयाँ निर्माण**

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १. | जगको कार्य सम्पन्न | नक्सापास दस्तुर २५% |
| २ | डि.पि.सि. को कार्य सम्पन्न | नक्सापास दस्तुर ३५% |
| ३ | गाह्रो लगाउने कार्य सम्पन्न | नक्सापास दस्तुर ५०% |
| ४ | ढलको कार्य सम्पन्न | नक्सापास दस्तुर ७५% |
| ५ | निमार्ण कार्य सम्पन्न | नक्सापास दस्तुर १००% |

***नोट : उल्लेखित जरिवाना निर्माणभएको तल्लाको आधारमा लिइनेछ ।***

**ख) तला थपमा**

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १. | गाह्रो लगाउने सम्पन्न | नक्सापास दस्तुर ५०% |
| २ | ढलको कार्य सम्पन्न | नक्सापास दस्तुर ७५% |
| ३ | ढलको कार्य सम्पन्न | नक्सापास दस्तुर १००% |

***नोट : उल्लेखित जरिवाना निर्माणभएको तल्लाको आधारमा लिइनेछ ।***

**७. दण्ड जरिवाना :-**

**एकीकृत सम्पतिको विवरण दाखिला गर्ने म्यादभित्र विवरण दाखिला नभएमा लिइने थप शुल्कको दर**

| सम्पतिको मूल्याङकन रकम | चालू आ.व. भित्रै म्याद नाघेमा | एक आ.व. म्याद नाघेमा | म्याद नाघेको एक आ.व. पछि तेस्रो आ.व. सम्म | म्याद नाघेको तेस्रो आ.व. पछि पाँचौ आ.व. सम्म | म्याद नाघेको पाँचौ आ.व. पछी दशौ आ.व. सम्म |
|---|---|---|---|---|---|
| १ लाखसम्म | रु १०।- | रु २०।- | रु ५०।- | रु १०० ।- | रु २००।- |
| १ लाख भन्दा माथी ५ लाख सम्म | रु ३०।- | रु ६०।- | रु १२० ।- | रु २४०।- | रु ४८०।- |
| ५ लाख भन्दा माथी १० लाख सम्म | रु ५०।- | रु १०० ।- | रु २००।- | रु ४००।- | रु ८००।- |
| १० लाख भन्दा माथी २५ लाख सम्म | रु ७५।- | रु १५० ।- | रु ३००।- | रु ६००।- | रु १,२०० ।- |
| २५ लाख भन्दा माथी ५० लाख सम्म | रु १०० ।- | रु २००।- | रु ४००।- | रु ८००।- | रु १,६०० ।- |
| ५० लाख भन्दा माथी ७५ लाख सम्म | रु २००।- | रु ४००।- | रु ८००।- | रु १,६०० ।- | रु ३,२००।- |
| ५० लाख भन्दा माथी जतिसुकै भए पनि | रु ३००।- | रु ६००।- | रु १,२०० ।- | रु २,४००।- | रु ४,८००।- |

## ८. विभिन्न सिफारिस दस्तुर :-

| क्र.सं. | विवरण | दर रु. | कैफियत |
|---|---|---|---|
| १. | नागरिकता सिफारिस | १०० | |
| २. | नागरिकता प्रतिलिपी सिफारिस | १५० | |
| ३. | भारत जाने सिफारिस | २५० | |
| ४. | अन्य मुलुक जाने सिफारिस | १००० | |
| ५. | नाम संशोधन सिफारिस | २५० | |
| ६. | विद्युत जडान सिफारिस | २५० | |
| ७. | विद्युत/धारा नामसारी सफारिस | २५० | |
| ८. | संस्था दर्ता सिफारिस | ६०० | |
| ९. | उधोग दर्ता सिफारिस | ६०० | |
| १०. | बसोवास प्रमाणित सिफारिस | २५० | |
| ११. | जन्म प्रमाणित सिफारिस | २५० | |
| १२. | कच्ची घर बनाउन काठपात ल्याउने सिफारिस | १००० | |
| १३. | पक्की घर निर्माणको लागि काठपात ल्याउने सिफारिस | ५००० | |
| १४. | अंग्रेजीमा सिफारिस गर्नुपर्दा अचल सम्पति र आयश्रोत बाहेक | ५०० | |
| १५. | जग्गा नामसारी सिफारिस | ६०० | |
| १६. | छुट जग्गा नामसारी / सिफारिस दस्तुर | १००० | |
| १७. | दलित/जनजाति/मधेसी प्रमाणित सिफारिस | ४०० | |
| १८. | चारित्रीक सिफारिस दस्तुर | ३०० | |
| १९. | जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपी | ३०० | |
| २०. | अन्य सिफारिस | ३०० | |
| २१. | घरकायम सिफारिस दस्तुर | ६०० | |
| २२. | घरवाटो सिफारिस | ३०० | थप प्रति कित्ता रु. ३० |
| २३. | चौहद्धी प्रमाणित सिफारिस | ३०० | थप प्रति कित्ता रु. ३० |
| २५. | बाटो प्रमाणित सिफारिस | ५०० | |
| २६. | सर्जमिन मुचुल्का | ५०० | |
| २७. | नाता प्रमाणित दस्तुर | ४०० | |
| २८ | संघ संस्था दर्ता शुल्क | २००० | |

## (९) निजी वोडिङ्ग स्कुल स्थापना र स्तरवृद्धि सिफारिस

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | आधारभूत (कक्षा १ देखि ८ सम्म) | ५००० |
| ४. | माध्यमिक (कक्षा ८ देखि १२ सम्म) | १००००।- |

**(१०) ऐलानी जग्गा अभिलेखीकरण दस्तुर**

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १. | प्रतिकट्ठा | ३००।- |
| २. | घर भएको भए थप | १००।- |